महाबु गाउँ पालिका ६ नं. प्रदेश दैलेख जिल्लाको उत्तरमा कालीकोट जिल्ला संग जोडिएको पहाडी गाउँपालिका हो । यो गाउँपालीका को नाम महाबु रहनाको कारण यस ठाउँमा सवैभन्दा ठुलो देवता शिवको अवतारका रुपमा श्री महावै देवताको उत्पति महाबु गाउँ पलिका वार्ड नं. ५ वडावनमा भएको र त्यसको अवतार महाबु गाउँपालीकाका वार्ड नं. ६ स्थीत दैलेखको सवैभन्दा अग्लो ४१६८ मिटर अग्लो महाबु लेखमा भएको र यस गाउँपलिकाका जनताहरुको साझा सहमतिले त्यसको नाम महावु गाउँपालिका नामाकरण गरिएको हो ।

**भौगोलीक स्थिति**

महाबु गाउँपालिका ६ नं. प्रदेश दैलेख जिल्लाको ११ वटा स्थानिय तह मध्य महाभारत पर्वत श्रृंखलाको उत्तरमा अवस्थीत एक दुर्गम पहाडी गाउँपालिका हो । यो गाउँपालिकाका ६ नं. प्रदेशको सुर्खेतको विरेन्द्रनगर नगर देखि ९० कि.मि. र दैलेख को सदरमुकाम देखि २२ कि.मि. उत्तरमा अवस्थीत छ । यस महावु गाउँपालिकाको पुर्वमा नारायण नगरपलिका, पश्चीममा छामघाट खोला उत्तरमा कालिकोट जिल्लाको सिमाना, दक्षीणमा भैरवि गाउँपालीका र नारायण नगरपालिका पर्दछ । दैलेख जिल्लाका ११ ओटै स्थानिय तह मध्य आर्थीक दृष्टिकोणले विपन्न प्रकृतिक पुरात्वीक, धार्मिक,ऐतिहाँसिक दृष्टिकोणले सम्बृद्ध छ । यस गाउँपालिकाको सदरमुकाम वार्ड नं. ४ गैडावाज हो । राजनितिक रुपमा दैलेख जिल्लाको निर्वाचन क्षेत्र नं. १ मा पर्दछ । ६ ओटा वडाहरुमा विभाजन गरिएको छ । महावु गाउँपालिको भौगोलिक अवस्थीति यस प्रकार छ ।

क) अक्षांस २८°३५’ देखी २९°८’ उत्तर

ख) देशान्तर ८१°५३’

ग) समुन्द्र सतहदेखि उचाई न्युनतम ताराघाट र रामघाटको अधिकतम- ४१६८ महावु लेक

घ) धरातल :

पहाडि क्षेत्र ७०

उच्च पहाडि क्षेत्र ३०

ङ) कुल क्षेत्रफल - ११०.८० वर्ग किलोमिटर

च) जनसंख्या -१९२७७ ( २०६८ को जनगणना अनुसार )

छ) जनघनत्व १७४/sq.km

**भौगोलिक र राजनितिक विभाजन**

प्रदेश नं.: ६

जिल्ला: दैलेख

निर्वाचन क्षेत्र नं.: १

वडाहरुः ६

**भु–उपयोग**

क) कुल खेतियोग्य जमिन ...............

ख) कुल खेति गरिएको जमिन ...............

ग) कुल सिंचित क्षेत्र ...............

घ) असिंचित क्षेत्र ...............

ङ) वन जङ्गलले ढाकेको क्षेत्र ............

च) चरन क्षेत्र .............

छ) अन्य क्षेत्र .............

**हावापानि**

महावु गाउँपालिका भौगोलिक वनावट र हावापानिमा विविधतायुक्त गाउँ पालीका हो । साघुरा फाटहरु देखि पर्वत श्रृंखलाको भिरालो पहाड उच्च उपोष्ण देखि लिएर समशितोष्ण हावापानिको प्रधानता रहेको पाईन्छ । पहाडै पहाडले भरिएको गाउँ पालीका भएको हुँदा हिउँदमा लेकमा हिउँ पर्ने र ठण्डा हावाले गर्दा चिसो रहन्छ भने गृष्म ऋतुमा गर्मिको महसुस हुन्छ । वर्षायाममा प्रसस्त वर्षा हुने,हिउँदमा हिउँ पर्ने,चैत्र-बैशाख मा हुरी चल्ने यस गाउँ पालिका का विशेषता हरु हुन् ।

**क) औषत तापक्रम**

अधीकतम : ३४°C

न्यनतम : ५.०° C

**ख) औषत वार्षीक वर्षा  १८०० मि.मि.**

**जलवायु**

उपोष्ण  : ५४४-१२०० मिटर

समशितोष्ण : १२००-१८०० मिटर

शितोष्ण : १८००-२३०० मिटर

ठण्डा लेकाली : २३००-४१६८ मिटर